म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- १२४ २०८१ चैत्र १२ गते मंगलबार 25 March 2025, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

**कर्मचारी आवश्यकता**

हेटौंडा-४, पारिजातपथस्थित दाजुभाइ बेकरीका लागि एकजना लेखापाल आवश्यक भएकोले इच्छुक योग्य नेपाली नागरिकले तुरुन्त सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

शैक्षिक योग्यता : व्यवस्थापन संकाय लिई कक्षा १२ उत्तीर्ण । स्नातक उत्तीर्णलाई प्राथमिकता ।
तलब/सुविधा : आपसी समझदारीमा तय गरिनेछ ।

सम्पर्क
दाजुभाइ बेकरी
हेटौंडा-४, पारिजातपथ (९८४५३८२८६९)

## राक्सिराङका सबै वडामा विद्युत पुग्यो

# प्राधिकरण उज्यालो पार्ने संस्था : घिसिङ



*राक्सिराङ-९, खैराङकी फूलमाया चेपाङको घरको विद्युत्को मिटर 'अन' गर्नुहुँदै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ ।*

समाज संवाददाता

खैराङ (राक्सिराङ) : मकवानपुरको राक्सिराङ गाउँपालिकाको सबै वडामा विद्युतको पहुँचमा पुगेको छ। चेपाङ बाहुल्य विकट गाउँ राक्सिराङका ९ वटै वडामा नेपाल विद्युत प्राधिकरणले विद्युतको पहुँच पुऱ्याइएको हो ।

राक्सिराङ गाउँपालिकाको पहलमा प्राधिकरणले 'चेपाङ बिजुली कार्यक्रम' अन्तर्गत विद्युत सेवा पुऱ्याएको हो। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सोमबार एक समारोहबीच राक्सिराङ गाउँपालिका-९ खैराङबाट राक्सिराङलाई पूर्ण विद्युतीकरण वडा घोषणा गर्नुभएको हो । उहाँले राक्सिराङ-९, खैराङकी फूलमाया चेपाङको घरको विद्युत्को मिटर 'अन' गरेर पूर्ण विद्युतीकरण वडा घोषणा गर्नुभएको हो । टुकी र दियालोको उज्यालोमा जीवन व्यतित गर्दै आएका खैराङलगायत राक्सिराङका दुर्गम बस्तीका ९ वटै वडाका चेपाङलगायत अन्य समुदायको घरमा विद्युत सेवा पुगेको हो ।

मकवानपुरकै दुर्गम खैराङमा २०७६/०७७ देखि नै चेपाङलाई बिजुली कार्यक्रम अघि बढाइएको थियो। गाउँपालिकाले आफ्नै स्रोतमा संचालन गर्दै आएको विद्युतीकरणको कामलाई प्राधिकरणले चेपाङलाई बिजुली कार्यक्रम मार्फत् सम्पन्न गरेको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिनुभयो । उहाँका अनुसार सुरुवातमा गाउँपालिकाले एक करोड रुपैयाँ र पछि प्रदेश सरकारले एक करोड रुपैयाँ थप गरी प्राधिकरणको सहयोगमा ६ करोड रुपैयाँले वडाहरुमा बत्ति पुऱ्याउन विद्युत् पोल गाड्ने र तार तान्ने काम गरिरहेको थियो ।

सो पश्चात प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले चेपाङलाई विद्युत कार्यक्रम मार्फत् ३० करोड रुपैयाँ मार्फत् अभियानलाई अघि बढाएको जानकारी दिनुभयो । उक्त कार्यक्रम मार्फत् सबै वडामा विद्युतको पहुँच पुगे पनि अझै सबै नागरिकको पहुँचमा विद्युत सेवा पुऱ्याउन बाँकी रहेको उहाँले बताउनुभयो। उक्त अभियान अन्तर्गत प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले ३०३ वटा विद्युत् मिटर राक्सिराङमा विभिन्न वडाका विपन्न चेपाङलाई निःशुल्क वितरण गर्नुभयो । २०७८ को जनगणनाअनुसार २५ हजार ९ सय ९६ जनसंख्या रहेको उक्त पालिकामा ५ हजार ४४ घरधुरी छन् । कार्यक्रममा दुर्गम पालिकाको घरघरमा विद्युतीकरण गर्न सहयोग पुऱ्याउने घिसिङलाई गाउँपालिकाले सम्मान समेत गरेको थियो भने उक्त कार्यमा सघाउ पुऱ्याउने व्यक्तिलाई समेत सम्मान गरिएको थियो ।

यसैबीच कार्यकारी निर्देशक कुलमान घिसिङले प्राधिकरण बत्ति काट्ने भन्दा उज्यालो पार्ने संस्थाको रुपमा विकास भइरहेको बताउनुभएको छ । नेपालको विद्युतले विदेशमा समेत उज्यालो पार्ने काम भइरहेको उहाँले बताउनुभयो । कार्यकारी निर्देशक घिसिङले लोडसेडिङ अन्त्यसँगै विद्युत निर्यात गर्ने काम भइरहेको जानकारी दिनुभयो । हाल आयातको तुलनामा निर्यातको दर वृद्धि भइरहेको उहाँको भनाई छ । घिसिङले देशमा विद्युत सेवा नपुगेको ठाउँमा प्राधिकरणले खोजी गरिरहेका बताउनुभयो । हरेक नागरिकको पहुँचमा विद्युत सेवा पुऱ्याउन करोडौं रुपैयाँ खर्च गर्न तयार रहेको उहाँले स्पष्ट पार्नुभयो ।

प्राधिकरणले तत्कालिन समयमा लोडसेडिङ अन्त्य भन्दा पनि विद्युतको पहुँच पुऱ्याउनु महत्वपूर्ण दायित्वको रुपमा लिएर काम गरिरहेको उहाँको भनाई छ। सरकारको दायित्व पूरा गर्न आफूले प्राधिकरण मार्फत् नेतृत्व लिएको उहाँले जीकिर गर्नुभयो। उहाँका अनुसार २०७३ सालमा आफूले प्राधिकरणको नेतृत्व लिँदा ५८ प्रतिशत नागरिक विद्युतको पहुँच पुगेको र हाल ९९ प्रतिशत नागरिकमा ९९ प्रतिशत नागरिकमा विद्युतको पहुँच पुगेको उहाँले दावी गर्नुभयो ।

उहाँले राक्सिराङको सबै नागरिकको घरमा वर्षायाम अघि नै विद्युत पुऱ्याउन मातहतका कार्यालयलाई निर्देशन समेत दिनुभयो । बजेट तथा अन्य आवश्यक व्यवस्थापन गर्न प्राधिकरण तयार रहेको र हाल नपुगेका स्थानमा विद्युतीकरण गर्न ८ करोड रुपैयाँमा ठेक्का लागेको र काम सुरु गरी सम्पन्न गर्न पनि उहाँले आग्रह गर्नुभयो। विपन्न परिवारलाई निःशुल्क मिटर वितरण गर्ने तथा न्युनतम महसुल तिर्न परेको समस्या हल गर्न प्राधिकरणले पहल गर्ने उहाँले बताउनुभयो । कार्यकारी निर्देशक घिसिङका अनुसार विपन्नका साथै सिचाइ, खानेपानीका आयोजनालाई पनि विद्युत महशुलमा सहुलियत दिइएको छ ।

## सरकारले कुलमानलाई हटायो

काठमाडौं : सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाएको छ। सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई पदबाट हटाउने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए । घिसिङ दोस्रो पटक २५ साउन २०७८ मा कार्यकारी निर्देशक नियुक्त भएका थिए ।

सरकारसँगको लामो द्वन्द्वपछि ऊर्जा मन्त्रालयले उनलाई पटकपटक 'पदबाट किन नहटाउने ?' भन्दै स्पष्टीकरण सोधेको थियो । यसअघि फागु २३ गते मन्त्रिपरिषद् बैठकले चार प्रमुख आधारमा घिसिङलाई बर्खास्त गर्ने प्रयोजनका लागि स्पष्टीकरण सोधेको थियो । जलस्रोत तथा सिँचाइ मन्त्रालयले पटक-पटक स्पष्टीकरण सोधे पनि त्यसैका आधारमा मात्र घिसिङलाई पदमुक्त गर्न नसकिने देखिएपछि मन्त्रिपरिषद् बैठकले उनलाई सफाइ पेस गर्न मौका दिने निर्णय गरेको थियो ।

*स्रोत : अनलाइनखबर ।*

50% DISCOUNT OFFER
AFTER SEE
देशको कमजोर आर्थिक अवस्थालाई मध्यनजर गर्दै
Bridge Course
Course Fee= 25,000/- → 12,500/-
➲ Science Bridge Course
➲ Nursing
➲ HA, Radiology
➲ Civil, Lab, Pharmacy
➲ JTA, Veterinary
Book/Uniform FREE
For Basic Computer Course Fee
6,000/- → 3,000/-
NAME INSTITUTE CONSULTANCY
2nd Floor, RB Complex School Road, Hetauda-4
057-524117, 9855024117, 9801424117

## ट्याक्टरबाट लडेर रबिनको मृत्यु

समाज संवाददाता

हेटौंडा : चितवन जिल्लाको राप्ती नगरपालिका-१२, कपता भञ्ज्याङमा ट्याक्टरबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बोक्राङका ३९ वर्षीय रबिन प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार बेलुका ७ बजेको समयमा भित्री सडकखण्डमा लोथर खोलाबाट बोक्राङतर्फ बिजुलीको पोल लिएर जाँदै गरेको ग १ त ४५८४ नम्बरको ट्याक्टरबाट खसेर प्रजाको घटनास्थलमानै मृत्यु भएको थियो । ट्याक्टर चालक मकवानपुरको राक्सिराङ गाउँपालिका-६, का वर्षीय सन्त थिङ फरार भएकाले खोजी कार्य भइरहको प्रहरीले जनाकारी दिएको छ ।

## महिला मृत फेला

समाज संवाददाता

हेटौंडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, नारायणी नदी किनारमा एक जना महिला मृत फेला परेकी छन् ।

आइतबार बिहान ८ बजेर ५० मिनेटको समयमा अन्दाजी ६० वर्षीया महिला मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि चितवनस्थित भरतपुर सरकारी अस्पताल लगिएको छ ।

## निर्मल र राजेश लागूऔषधसहित पक्राउ




*लागूऔषधसहित पक्राउ परेका निर्मल र राजेश ।*

समाज संवाददाता

हेटौंडा : मकवानपुर प्रहरीले लागूऔषधसहित पोखराका निर्मल ढुंगेल र सर्लाहीका राजेश तामाङलाई पक्राउ गरेको छ। सोमबार बिहान ९ बजेर २० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टमा लागूऔषध नाईट्राभेट ५६९ ट्याबलेटसहित निर्मल र राजेशलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पथलैयातर्फबाट हेटौंडातर्फ आउँदै गरेको ग १२ प ४९७८ नम्बरको मोटर साइकललाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा मोटरसाइकल चालक सर्लाही जिल्लाको हरिपुर ननगरपालिका-२ का २६ वर्षीय राजेश तामाङ र मोटरसाइकलमा पछाडि कास्की जिल्लाको पोखरा महानगरपालिका-१९ का २० वर्षीय निर्मल ढुंगेललाई लागूऔषधसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद अनुमति लिई प्रहरीले उनीहरुलाई हिरासतमा राखी अनुसन्धान गरिरहेको जनाएको छ ।

AGNI GROUP
We Are Hiring
In Hetauda
Join our Team
Are you looking for a new job opportunity, challenges and career enrichment?
AGNI GROUP is looking for competent and dynamic talent like you to join our Team.

Open Positions
1) Branch Manager -1
2) Executive (Vehicle Sales) -1
3) Sr.Assistant (Vehicle Sales) -2
4) CRM (Vehicle Sales) -1
5) Supervisor ( Account /Finance ) -1
6) Assistant –Front Desk (Administration) -1

Open Positions
1) Sales (Vehicle sales) -1
2) Mechanics -2
3) Head Mechanic -1
4) Technician -1
5) Mechanics helper -1
6) Washing -1
7) Electrician -1
Minimum 5years experience with all type of vehicle including EV

Open Positions
1) Fork Lift Operator -1 (Warehouse)
2) Stacker Operator - 1 (Warehouse)
3) Receiving /Verification -1 (Warehouse )
4) Putaway/binning -2 (Warehouse)
5) Packing –3 (Warehouse )
6) Delivery Boys –2 (Warehouse)
7) Logistics Supervisor -1 (Logistics )
8) Driver -2 (Logistics)
9) Driver Helper -1 (Logistics)

Dateline for application is 7 days
If you find yourself as the right candidates, mail us your complete resume, recent PP size photograph, photocopies of all credentials and a cover letter in jobsagni@agnigroup.com.np
AGNI GROUP
01-4006711/4006712/4006713 (panipokari, Lazimpat, Kathmandu)

# सम्पादकीय

## जहिल्यै अधिकारको लडाईं

जतिसुकै समुन्नत र उत्कृष्ट संविधान बनाएको भनिए पनि देशका सबै नागरिकले संवैधानिक अधिकार उपभोग गर्न पाएका छैनन् । सिमित व्यवसायी, उच्च ओहोदामा पदासिन, राजनीतिक पहुँच र शक्ति आर्जन गरेका बाहेक आम नेपाली सधैं अधिकार प्राप्तिको लागि संघर्ष गर्न बाध्य बनिरहेका छन् । बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले मुलुकका अति सिमान्तकृत समुदायले संविधान प्रदत्त अधिकार प्राप्त गर्न नसकेको बताएका छन् । जनता सर्वेसर्वा हुने शासन व्यवस्थामै सिमान्तकृत, आदिवासी जनजाति समुदाय अझै अधिकार प्राप्तिको लडाईंमै रहेको उनले बताएका हुन् । चेपाङ समुदायको मानव अधिकारको अवस्थासम्बन्धी परामर्श कार्यक्रममा उनले सिमान्तकृत समुदायमा अझै पनि आधारभूत अधिकारसहित शिक्षा, स्वास्थ्यको उपभोगमा कठिनाइ रहेको बताएका छन् । चेपाङ समुदायको अधिकारका सवालमा राज्यका कानुनसमेत समायानुकूल नरहेको उनको भनाइ छ ।

राज्य गम्भीर नबन्दा सिमान्तकृत समुदायले प्राकृतिक स्रोतको उपभोग गर्न नपाउनुका साथै संविधानले दिएको अधिकारबाट वञ्चित हुनु परिरहेको छ । देशमा जुनसुकै शासन व्यवस्था आए पनि सिमान्तकृत र न्यून वर्गका नागरिक उत्पीडनबाट मुक्त हुन सकेका छैनन् । राज्यस्रोतको उपभोग उनीहरुको पहुँचमा कहिल्यै पर्दैनन् । पैसा, पद, पावर भएका व्यक्ति नै राज्यसत्ताको वरिपरि रहने र उनीहरुले नै सबै प्रकारका सुविधा र अधिकार पाउने अवस्था अहिलेसम्म चलिरहेकै छ । अति सिमान्तकृत चेपाङ समुदायका कयौं नागरिकले आफ्नो पहिचानसमेत प्राप्त गर्न सकेका छैनन् । मानव अधिकार आयोगको सर्वेक्षणले ९ प्रतिशत चेपाङ समुदाय नागरिकता प्रमाणपत्रको पहुँचबाट टाढा रहेको देखाउनुले उनीहरुले अधिकार प्राप्तिका लागि अझै संघर्ष गर्नुपर्ने बाध्यता बनिरहको छ ।

विसं १८२५ मा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाको कान्तिपुर राज्य विजयी गरेपछि आधुनिक नेपाल निर्माणको सुरुवात भयो । झण्डै आधा शताब्दीसम्म एकीकरण अभियान चल्दा तत्कालीन शासकको ध्यान राज्यको भूभाग बढाउनै केन्द्रित भयो । नेपाल-अंग्रेज युद्धले नेपालको एकीकरण अभियान राकियो । त्यसपछि झण्डै ३ दशक राज परिवार र भारदारबिचको कलह र षडयन्त्रमै बित्यो । जंगबहादुर राणाले शासन सत्ता आफ्नो हातमा लिएपछि १०४ वर्ष राणा शासन चल्यो । निरंकुश र जहानियाँ राणा शासन कालमा केही सामाजिक सुधारको प्रयास भए पनि आम नागरिक सामान्य अधिकारबाट समेत वञ्चित रहे । २००७ सालमा प्रजातन्त्र स्थापनापछिको एक दशक चरम राजनीतिक अस्थिरताबिच राज्यको शासन सञ्चालन भयो । २०१७ सालमा राजा महेन्द्रले बहुदलीय प्रजातान्त्रिक व्यवस्था अन्त्य गरेर पञ्चायती शासन सुरु गरेपछि पनि सिमान्तकृत र पिछडिएका वर्गलाई अधिकार दिने उचित व्यवस्था भएन । २०४६ सालमा प्रजातन्त्र पुन:स्थापनापछि पनि सिमान्तकृत वर्गले अधिकार पाउन सकेनन् । २०६३ सालमा राजा फालेर गणतन्त्र ल्याइयो र २०७२ मा सबै वर्गको अधिकारलाई संविधानमा लेखिए पनि ती अधिकार संविधानकै धारामा सिमित छ ।

इतिहासको कुनै पनि कालखण्डमा सिमान्तकृत, आदिवासी जनजाति, दलित, विपन्न नागरिकले अधिकार प्राप्त गरेको अनुभूति गर्न पाएका छैनन् । राज्यको अव्यवहारिक विकासे नीति तथा कानुनका कारण चेपाङ समुदायले आफ्नो बासस्थान गुमाउनु परिरहेको छ । उनीहरुको संस्कृति तथा जीवनशैलीमै नकारात्मक असर परेको छ । चेपाङ्लगायत अति सिमान्तकृत समुदायले शिक्षा, स्वास्थ्य, रोजगारीमात्र होइन गाँस, बास, कपासजस्ता सामान्य आधारभूत अधिकारसमेत प्राप्त गर्न नसक्नु राज्यसत्ता र गणतान्त्रिक शासन व्यवस्थाकै उपहास बनिरहेको छ । संविधान प्रदत्त अधिकार उपभोगका लागि सधैं अन्दोलन र क्रान्ति गर्नुपर्ने अवस्था अन्त्य हुनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : तर्क वितर्कमा सामेल भइने समय योग रहेको छ ।
**वृष** : व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ ।
**मिथुन** : आफन्त र सहकर्मीसँगको सम्बन्ध सुमधुर होला ।
**कर्कट** : सट्टापट्टाका काममा मन जाने समय छ ।
**सिंह** : मन चञ्चल रहने समय योग देखिन्छ ।
**कन्या** : विवेकको प्रयोगले काममा पूर्णता प्राप्त ।
**तुला** : रोकिएका कामहरु बन्ने समय योग रहेको देखिन्छ ।
**वृश्चिक** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**धनु** : बुद्धि र विवेकको उचित सहयोग लिँदा राम्रो ।
**मकर** : नयाँ अवसरको प्रतिक्षा हुने समय योग रहेको छ ।
**कुम्भ** : बोलीमा मिठास र व्यवहारमा नम्रता बढ्ला ।
**मीन** : बुद्धिको उपयोगले लाभ प्राप्त गरिने छ ।

# अर्थतन्त्र चलायमान बनाउन स्वदेश घुमौं

**निनाम लोवत्ती**



भनिन्छ, अहिले विश्व एक गाउँ (ग्लोबल भिलेज) भइसकेको छ । हुन पनि जुनसुकै व्यक्तिले चाहेमा आजकालको जमानामा एकैछिनमा विश्व ब्रह्माण्ड घुम्न सक्छ । कुनै पनि व्यक्ति आफूलाई मन परेको अर्को कुनै देशमा सजिलै बसाइँ सरेर जान सक्छ । त्यसका लागि अर्को देश बसाइँ सरेर जाने व्यक्ति अथवा परिवारसँग धन र सम्पत्ति चाहिँ प्रशस्तै हुनुपर्‍यो ।

अन्यथा, आफ्ना कैयौं पुस्तादेखि बस्दै आएको आफ्नो मातृभूमि अर्थात् आफू जन्म लिएको ठाउँ त्यति सजिलै छाड्न सकिएला र ? खासमा, आफ्नै देशभित्रको कुनै ठाउँमा बसाइँ सरेर जान त कति गाह्रो छ । बसाइँ सर्ने कुरो भनेको आफू बसिरहेको ठाउँमा भन्दा राम्रो स्वास्थ्य सेवा, आर्थिक सुरक्षा, यातायातको सुविधा, शिक्षामा सहज पहुँच आदि प्राप्तिका लागि हो । अझ सदाका लागि विदेशमा बसाइँ सर्ने कुरो त त्योभन्दा पनि माथिल्लो स्तरको कुरो हुने भयो । जे होस्, यो छोटो लेख लेख्नुको कारणचाहिँ पर्यटक भई घुमफिर गर्ने सन्दर्भमा हो ।

निकट भविष्यमै विक्रम संवत्अनुसारको नयाँ वर्ष २०८२ सुरु हुँदै छ । सो अवसरमा नेपालीहरु बिदा मनाउन वा भनौं घुम्न जानेछन् । किनभने, हाम्रो देश नेपालमा पछिल्लो पटक यस्तो क्रम बढ्दो रहेको देखिन्छ । त्यसै क्रममा नेपालका विभिन्न पर्यटकीय स्थल र सहर बजारमा भीडभाडका साथ नेपालीहरूको उपस्थिति रहने गरेको देखिन्छ । आजभोलिका नयाँ पुस्तामा नयाँ वर्ष (विक्रम संवत् तथा इस्वी संवत), दसैं, तिहारको लामो बिदालगायत अन्य चाडपर्वहरूमा स्वदेश तथा विदेश घुम्ने प्रचलन बढ्दो क्रममा रहेको देखिन्छ ।

त्यसैले आजभोलि नयाँ वर्ष, दसैं, तिहार, छठ, उधौली, उभौलीलगायतका अवसरमा दिइने बिदामा आन्तरिक पर्यटकका रुपमा आफ्नो देशका विभिन्न ठाउँमा लामो तथा छोटो भ्रमण गर्न जाने नेपालीको संख्या पनि बढ्दो क्रममा रहेको छ । अझ यस्ता खालका बिदा र उत्सव मनाउने क्रम विक्रम संवत्का अवसरमा भन्दा ग्रेगोरी पात्रो (इस्वी संवत) अनुसारको न्यू इयर एवम् क्रिस्चियन धर्मावलम्बीहरूको ‘क्रिसमस डे’ र ‘इभ’को अवसरमा बढी चहलपहल देखिन थालेको छ । हुन त चाडपर्व र आन्तरिक पर्यटनको कुरो गर्दाखेरि पछिल्लो पटक हिन्दू धर्मावलम्बीहरुको चाड बडादसैं एवम् तिहारको अवसरमा सबैभन्दा ठूलै संख्यामा नेपालीहरु घुम्न जाने गरेको तथ्यांक रहेको देखिन्छ ।

अब सरकारले नै देशको अर्थतन्त्र गाउँतहसम्म चलायमान बनाउन एवम् अहिले जुन संख्यामा नेपाली युवाहरु दैनिक रुपमा विदेश पलायन हुने क्रम बढ्दो छ, त्यसलाई घटाउन पनि नेपालका हरेक जातजाति, भाषाभाषी, धार्मिक समूह, वर्ग आदिका चाडपर्व, उत्सव, महोत्सव, मेला, जात्रामात्रा आदिमा बिदा दिने व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसैले यस सम्बन्धमा पनि अब नेपाल सरकारका साथै नेपालका बुद्धिजीवी, मिडिया र मिडियामा कार्यरत पत्रकारहरूले एक भएर छलफल र बहस चलाइहाल्नुपर्ने देखिन्छ ।

त्यसो गर्न सकेदेखि देशको अर्थतन्त्र देशको कुना-कन्दरासम्म चलायमान हुन सहयोग पुग्ने थियो । जस्तै, मधेसका मानिसले मनाउने गरेको छठ पर्व, जुडशील, काठमाडौं उपत्यका साथै नेपालभरिका नेवार जातिले मनाउने गरेको योमरी पुन्ही, मगर र थारु जातिका साथै अन्य जातजातिले मनाउने गरेको माघे सक्रान्ति (मकर संक्रान्ति), भगवान् गौतम बुद्धको जन्मजयन्ती, किराती समुदायले मनाउने गरेको उभौली, उधौली पर्व, हिन्दू धर्म मान्नेहरूको जनै पूर्णिमा, रक्षाबन्धन, कुसे औँसी, गौरा पर्व, किराती महाजातिभित्रका ‘कुलुङ’ जातिले धूमधामका साथ मनाउने नयाँ वर्ष तथा ‘चाक्चाकुर’ चाड, एवम् प्रकारले गुरुङ जातिले मनाउने तोला ल्होसार, तामाङ जातिले मनाउने सोनाम ल्होसार, शेर्पा एवम् हिमाली क्षेत्रमा बस्ने अन्य जातिहरुले मनाउने ग्याल्पो ल्होसार, थकाली जातिको तोरन्ल अनि त्यस्तै गरेर नेपालका भौगोलिक एकीकरणकर्ता पृथ्वीनारायण शाहको जन्मजयन्तीलगायत नेपालका अन्य जातजातिहरुले मनाउने गरेका असंख्य चाडपर्व, मेला, जात्रा, दिवस र जन्म-जयन्तीहरुमा जो जससँग सम्बन्धित छ, खासगरीकन नेपाल सरकारका हरेक निकायमा कार्यरत कर्मचारीहरुलाई छोटो-छोटो बिदा (पेस्कीसहित काजमा) दिएर देशभित्रकै विभिन्न ठाउँमा घुम्न जान दिने प्रचलन सुरु गरिहाल्नुपर्ने देखिन्छ । तर, उनीहरू जुन ठाउँमा गएका हुन्, त्यस ठाउँको हालसालैको फोटा, भिडियो, रिसोर्ट, होटल, गेस्टहाउस, लजमा खाए-बसेको (रात बिताएको) बिल, गाडी वा हवाईजहाजको टिकट, आफन्तका लागि किनेको कोसेलीको बिल आदिको भर्पाई अनिवार्य रुपमा पेस गर्ने व्यवस्था गरिनुपर्छ ।

जे भए तापनि आजभोलि हामी नेपालीहरूमा पनि चाडपर्व, दिवस आदिको अवसरमा पाइने छुट्टीमा सके विदेश घुम्ने, नभए स्वदेशकै विभिन्न ठाउँ घुमफिर गर्ने बानीको विकास हुँदै छ । जसले गर्दा ग्रामीण क्षेत्रकाससाना होटल, लज र होमस्टे सञ्चालकहरूका लागि धेरै राम्रो आर्थिक आधार खडा भएको छ । किनभने हामी नेपालीहरुले पनि आ-आफ्नो चाडपर्व, मेला, दिवस, जन्म-जयन्ती आदिको अवसरमा पाइने छुट्टी वा भनौं बिदालाई सदुपयोग गर्दै घुमफिर गर्ने बानी बसालेमा आफ्नो देशका जातजाति, भाषाभाषी, भूगोल, प्राचीन स्थल, पुराना गुफा, ओढार, स्मारक, गढी, किल्ला, दुर्ग, ऐतिहासिक स्थल तथा प्राकृतिक सुन्दरताको बेग्लै अनुभव गर्न सक्छौं । साथै, देशको आन्तरिक अर्थतन्त्र पनि चलायमान हुन्छ । यसरी हामीले घुम्ने बानी बसालेमा देश विकासमा पनि केही न केही भरथेग र सहयोग पुऱ्याएका हुन्छौं, पुऱ्याउँछौं ।

खासगरी हामीले हिन्दू धर्मावलम्बीहरुले मान्ने चाड विजयादशमी अर्थात् दसैं र दीपावली अर्थात् तिहारको अवसरमा मात्र लामो बिदा पाउने गरेका छौं । जबकि नेपालका हरेक जातजाति, भाषाभाषी, धर्मावलम्बीहरुले लामो समय (१५ दिनदेखि एक महिना) सम्म आफूले मान्ने चाडपर्व मनाउने गर्छन् । तीमध्ये कतिपय जातजाति र समुदायलाई सो अवसरमा राज्यले बिदा नै दिएको छैन भने बिदा दिइएका जातजातिलाई पनि एक दिनमात्र बिदा दिने गरिन्छ । यसरी हेर्दा राज्यले आफ्ना नागरिकलाई कसैलाई काखा र कसैलाई पाखा गरेको र विभेदपूर्ण ढंगले व्यवहार गरेको जस्तो पनि देखिन्छ । जबकि, राज्यले त देशका सबै नागरिकलाई समान व्यवहार गर्नुपर्ने हो ।

तथापि पनि धेरैजसो नेपाली, जो निजामती कर्मचारी, नेपाली सेना, जनपद प्रहरी, सशस्त्र प्रहरी, गुप्तचर विभाग, नेपालमा रहेका राजदूतावास, विदेशी नियोग, दातृ निकाय, निजी क्षेत्रका बैंक, वित्त कम्पनी, फाइनान्स कम्पनी, सहकारी, आइएनजिओ, एनजिओमा कार्यरत कर्मचारी, निजी कम्पनी तथा कलकारखाना, उद्योग, सेवाप्रदायक कम्पनी, फर्म, सूचना प्रविधिको क्षेत्रमा कार्यरत मानिसहरू बिदाको समयमा देशभित्रकै विभिन्न स्थानमा आन्तरिक पर्यटकका रूपमा भन्दा पनि विदेश जान थालेका छन् भन्ने भनाइ रहेको छ । त्यस्ता नेपालीहरूलाई सकेसम्म नेपालकै विभिन्न ठाउँमा बिदा मनाउन गएर आन्तरिक पर्यटक भई समग्रमा देशको आर्थिक विकासमा योगदान दिनुपर्छ भन्ने सोचाइ ल्याउनुपर्ने देखिन्छ । हुन त धेरथोर नेपाली स्वदेशकै विभिन्न पर्यटकीय स्थलमा घुम्न जान थालेका छन्, यो धेरै राम्रो कुरो हो ।

हुन पनि अर्थमन्त्री विष्णु पौडेलले देशको आर्थिक गतिविधि नेपालको कुनाकाप्चासम्म चलायमान रहोस् भन्ने पवित्र उद्देश्यले नै हुनुपर्छ, सरकारी कर्मचारीलाई १० दिनको ‘पर्यटन काज बिदा’ दिनेसम्बन्धी नीति ल्याएका थिए । तर, सरकारी कर्मचारीलाई १० दिनको ‘पर्यटन काज बिदा’ दिनेसम्बन्धी सो नीति कार्यान्वयनमै ल्याइएन । कर्मचारीतन्त्र, खास गरी ठूला पदमा रहेका कर्मचारीले देश विकासमा आफ्नो पनि सानोतिनो योगदान पुग्ने, रहने सम्झेर कम्मर कसेर सरकारले ल्याएको सरकारी कर्मचारीलाई पर्यटन काज बिदा दिनेसम्बन्धी सो नीति कार्यन्वयनमा ल्याउन र त्यसका लागि चाहिने कार्यविधि कसरी बनाउने, कार्यविधिमा केके राख्ने ? भनी तदारुकताका साथ लाग्नुपर्ने थियो । तर, सरकारले ल्याएको सरकारी कर्मचारीलाई १० दिनको ‘पर्यटन काज बिदा’ सम्बन्धी नीतिलाई कार्यान्वयनमा ल्याउनुको सट्टा बेवारिसे बनाए, यता न उताको बनाए, जुन साह्रै दु:खद अवस्था हो ।

अझै पनि हामी नेपाली, जो घुम्न सक्ने हैसियतमा छन्, उनीहरूले आफ्नै देशभित्रका विभिन्न पर्यटकीय स्थल, जस्तो कि ऐतिहासिक महत्वका ठाउँ, सांस्कृतिक महत्वका स्थान, डाँडा, किल्ला, दुर्ग, ऐतिहासिक युद्धस्थल, ऐतिहासिक स्मारक, सम्पदा र हेका ठाउँ, प्राचीन महत्व बोकेका महत्वपूर्ण स्थलका साथै स्मारक, आफ्नो देशको विभिन्न स्थानमा बसोबास गरेका जातजाति, भाषाभाषी, धार्मिक स्थल, मठ-मन्दिर, गुम्बा, सहर-बजार, गाउँघर, हिमाल, पहाड, ताल-तलैया, निकुञ्ज आदि क्षेत्रको घुमफिर गर्नका लागि प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

सकेसम्म देशभित्र रहेका पर्यटकीय महत्वका ठाउँ, ऐतिहासिक महत्वका ठाउँ, सांस्कृतिक महत्वका स्थानहरू, किल्ला, दुर्ग, ऐतिहासिक स्थल, स्मारक, सम्पदा, प्राचीन महत्व बोकेका स्थल, स्मारक, देशका विभिन्न स्थानमा बसोबास गर्ने जातजाति, भाषाभाषी, धार्मिक समूह आदिको गाउँ, ठाउँ, सहर, बजार घुमफिर गरौँ । त्यसैले घर-परिवारको खर्च धानेर बचत गर्न सक्ने, घुमफिर गर्नका लागि खर्च गर्न सक्ने स्थितिमा रहेका नेपालीहरूले सकेसम्म पहिले आफ्नै देश घुमफिर गरौं, अनि मात्रै विदेश घुमौं है भन्ने मेरो व्यक्तिगत आग्रह रहेको छ ।

*(स्रोत: कारोबारदैनिक)*

# बालबालिकाले कसरी सिक्छन् ?



**मणिकुमार लिम्बु**

भर्खरै मात्र डा. विद्यानाथ कोइरालाले सामाजिक सञ्जालमा भन्नुभएछ-अब विद्यार्थी धेरै जान्ने भइसक्यो शिक्षक भन्दा पनि । उहाँको यो भनाइ पढिसकेपछि मेरो मनमा धेरै कुराहरु आइरह्यो-के साँच्चै विद्यार्थीहरू उनले भनेजस्तै त्यही स्तरका भइसके त ? कि उनले कुनै एउटा विद्यालयका बच्चाहरूको अवस्था हेरेर भनेका हुन् ? के नेपालभरिका सबै विद्यालयका विद्यार्थीहरुको स्तर यस्तै छ त ? यदि त्यस्तो भयो भने कसरी भयो त ? पक्कै पनि उत्तर सहज छ-यस्तो अवस्था छैन ।

प्राय अहिले पनि सामुदायिक विद्यालयमा भौतिक पूर्वधारदेखि शैक्षिक गुणस्तर, पाठयक्रम सम्बन्धि बुझाइ, जनशक्ति व्यवस्थापन, शिक्षकका तालिमलगायत स्थानीय तहहरुले शिक्षामा विनियोजन गर्ने बजेट, आम मानिसले शिक्षकलाई हेर्ने दृष्टिकोण सबैमा कहीँ न कहीँ समस्या रहेको छ । शिक्षाको त्रिकोणात्मक सम्बन्ध परिवार, विद्यालय र समाज अहिले पनि सन्तुलनको अवस्था रहेको छैन । यी तीनवटा मुख्य पक्षहरू एक आपसमा जति अन्तर सम्बन्धित भएर काम हुनुपर्ने हो त्यो भएको छैन ।

हाम्रा बालबालिकाहरु कस्तो परिवारमा हुर्किरहेको छ ? समाजको अवस्था कस्तो छ ? विद्यालयको अवस्था कस्तो छ ? यी तीनवटा खुट्टाहरू एउटा मात्र कमजोर भएमा बाँकलाई निकै गाह्रो हुन्छ ।

बाँकी बालबालिकाहरुले विद्यालयमा सिकेका कुरालाई उसले आफ्नो घरमा कत्तिको भन्न पाउँछन्, उसले विद्यालयमा गरेका, सिकेका कुरा अभिभावले कत्तिको ध्यानपूर्वक सुन्ने गर्दछन् भन्नेले पनि उसको सिकाइ र सोच्ने क्षमतामा फरक पार्छ । कतिपय अभिभावहरू विचार नै नपुऱ्याइ आफ्ना नानीहरुले केही कुरा शेयर गर्न खोज्यो भने भन्ने गर्छन्-भैगो भन्नु पर्दैन मलाई सबै थाहा छ, अहिले म भर्खरै कामबाट आएको गलेको छु, मलाई नभन भन्ने गरेको पाइन्छ । जसका कारण बालबालिकाहरुले आफूले सिकेका कुराहरु भन्न नपाउँदा उनीहरुमा एक प्रकारको नकारात्मकता आउँछ ।

त्यसकारण बालबालिकालाई बोल्नका लागि प्रोत्साहन गर्न जरुरी छ । उनीहरुले भनेका कुरा सुन्न जरुरी छ । अभिभावकले बेलुका कम्तिमा आधा घण्टा विद्यालयमा भएका घटनाहरु साथै पढाइकै बारेमा उनीहरुलाई बताउन लगाउँदा उनीहरुमा आत्मविश्वास पलाउँछ । उनीहरुमा सञ्चारको सीपको विकास हुन्छ । उनीहरुमा प्रोत्साहन थपिन्छ र अझ सिर्जनशिलता पलाउँदै जान्छ ।

तर बालबालिकाले सबै जानेको छ, सबैकुरा विद्यालयमा सिक्छ भनेर अभिभावले नसिकाउने हो भने उनीहरुले केही सिक्न सक्दैन । विद्यालयमा पनि विद्यार्थीले सबै जानेकै छ भन्ने हो भने फेरि के का लागि विद्यालय गइरहनु भन्ने प्रश्न उठ्छ । हो सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो । शिक्षक होस वा अन्य जुनसुकै क्षेत्रको होस आफूलाई अपडेट गर्न नसक्ने हो भने त्यो वर्तमान तथा भविष्य हुन सक्दैन त्यो त केवल विगत भएर जान्छ ।

विद्यालयमा बालबालिकाले केवल शिक्षकबाट मात्र सिक् छभन्ने कुरा सरासर

...बाँकी पृष्ठ ३ मा

## बालबालिकाले...

गलतन हो। विद्यालयमा धेरैजसो उनीहरुले आफ्ना सथीहरुबाट सिकिरहेका हुन्छन् । घर परिवारमा थोरै मानिसबाट त्यति धेरै बालबालिका भएका ठाउँमा जाँदा पक्कै पनि विद्यार्थीहरुले सर्वप्रथम कसरी अरुसँग मिलेर बस्ने, समूहमा बस्ने क्षमताको विकास गर्दछ। त्यसपछि उनीहरुले नयाँ साथी कसरी बनाउने त्यो क्षमता आर्जन गर्छन् । साथीहरुसँग कसरी बोल्ने त्यो पनि त्यहाँ सिक्छन् । शिक्षकले बोलेका, लेखेका कुराहरुबाट पनि केही न केही उनीहरुले हरपल सिकिरहेका हुन्छन् ।

त्यस्तै शिक्षकले बालबालिकाबाट धेरै कुरा सिक्न अवसर प्राप्त गर्दछन्। आज विज्ञान-प्रविधिमा भएको विकासले पनि धेरै कुराहरु किताबबाट भन्दापनि घरमै बसेर मोबाइल, ल्यापटपबाट सिकिरहेका हुन्छन् । त्यो कुरा बालबालिकाबाट शिक्षकहरुले सिक्न सक्दछन् ।

जीवनको आशा, निश्वार्थ, दयालुपन, सहयोगको भावना वयस्क मानिसमा भन्दा पनि बालबालिकामा बढी हुने हुँदा ती कुरा शिक्षक वा वयस्क मानिसले सिक्न सक्दछ । विभिन्न प्रकारका मोबाइल एप्सको बारेमा पनि बालबालिकाहरू पोख्त हुन सक्छन्। त्यसका बारेमा पनि उनीहरुबाट सजिलैसँग सिक्न सकिन्छ। यसका लागि कुनै लाज सरम मान्न जरुरी छैन। नजानेको कुरा जानेको छु भन्नु मुर्खताबाहेक केही पनि होइन। त्यसकारण नयाँ कुरा जोसुकैले गरे पनि कान ठाडो बनाएर सिक्दा सबैलाई फाइदा नै हुन्छ।

पक्कै पनि समय बदलिएको छ । हिजोको जस्तो एकतर्फी सिकाइ अहिले छैन। अहिले बिस्तारै किताब पढ्ने बानी पनि हराउँदै गएको छ । मोबाइलमा हेरेको कुनै भिडियोलाई मात्र रिफरेन्स गरेर अगाडि बढ्दा त्यस्ले गन्तव्यमा पुर्‍याँउन सकिँदैन, यो कुरा बुझ्न जरुरी छ । त्यसका लागि आफैँले निरन्तर अध्ययन गर्न जरुरी छ।

बालबालिकालाई विद्यालयमा केवल पाठ्यपुस्तक मात्र पढाउँदा एक प्रकारको मोनोटोनस हुन्छ । त्यसकारण हप्तामा एक दिन भएपनि अन्य कुनै लेख, कथा, कविताको बारेमा कुरा गर्दा त्यसले उनीहरुमा चाख बढाउँछ। अध्ययन गर्ने बानीको विकास गराउँछ। यसका लागि सर्वप्रथम शिक्षकले पढन जरुरी छ।

पक्कै पनि एकजना शिक्षक जो पढेर मात्र आफ्नो कक्षामा जान्छ भने उसले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्छ। शिक्षक नपढ्ने अनि विद्यार्थीलाई मात्र पढ भन्दा त्यो न्यायोचित हुँदैन। कतिपय विद्यालयमा देख्ने गरिन्छ विद्यार्थीहरुलाई 'गुट्खा खानु हुँदैन, जङ्क फुड खानु हुँदैन भनेर शिक्षकले भनिरहेको हुन्छ अनि एकछिनमा शिक्षक आफैं ती सबैकुराहरु सेवन गरिरहको हुन्छन यस्तो अवस्थामा विद्यार्थीले त्यसबाट के सिक्छ यो सबैले बुझ्केकै कुरा हो। जे कुरा बालबालिकालाई हामी सिकाउन गइरहेका छौं त्यसबारे सर्वप्रथम मैले के गरिरहेको छु भनेर आफैंलाई प्रश्न गर्ने हो भने समस्या केही हदसम्म भए पनि हल भएर जान्छ।

*(स्रोत: अनलाईखबर)*


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
- **-थाईराईड**
- **-क्यान्सर**
- **-रक्तअल्पता**
- **-वाथरोग**
- **-बाँझोपन**
- **-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।**

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

**सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।**

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


## हार्दिक श्रद्धाञ्जली



जन्म : २००६/०१/०१

स्वर्गारोहण : २०८१/१२/०१

**स्व. विर्ष बहादुर थापा**

हेटौँडा उपमहानगरपालिका ८ नम्बर वडाध्यक्ष, यस विद्यालय व्यवस्थापन समितिका पदेन सदस्य आदरणीय रामकृष्ण थापाका पुजनीय बुबा **विर्ष बहादुर थापा**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १२औं दिनको पूण्यतिथि**मा स्वर्गीय बुबाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । यस दुखद् घडीमा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रधानाध्यापक**

**एवम् चन्द्रोदय माध्यमिक विद्यालय परिवार**

**हेटौंडा-८, कमाने**

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जनस्वास्थ्य कार्यालय, मकवानपुर
हेटौंडा, नेपाल

## औजार उपकरण खरिद सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रमअनुसार जनस्वास्थ्य कार्यालय, मकवानपुरका लागि दरभाउपत्रको माध्यमबाट विद्यालय नर्सहरुका लागि ल्यापटप खरिद गर्नुपर्ने भएको हुँदा इजाजतप्राप्त इच्छुक विक्रेता, फर्म वा संस्थाहरुले मिति २०८१/१२/२५ गतेसम्म रु १,०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी यस कार्यालयको कोड नं. ३७००१३२१६३, खाता नं. १०००१००२०००१००००, राजश्व शीर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंक हेटौंडा शाखामा जम्मा गरेर सक्कल राजश्व भौचरसहित दरभाउपत्रदाताले आर्थिक वर्ष २०८१/८२ का लागि नवीकरण गरेको कम्पनिको वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा आर्थिक वर्ष २०८०/८१ को करचुक्ताको प्रमाणित प्रतिलिपी संलग्न राखी मिति २०८१/१२/२६ गते दिनको १२:०० बजेभित्र E-Bidding मार्फत मात्र भर्न सकिनेछ । यसका लागि www.bolpatra.gov.np/egp मा फारम उपलब्ध छ। यस सम्बन्धमा विस्तृत सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**कार्यालय प्रमुख**

## नि:शुल्क तालिम सम्बन्धी सुचना

सामाजिक विकास कार्यालय, हेटौँडा र हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र प्रा. लि. को संयुक्त आयोजनामा छोटो अवधिको १६० कार्य घण्टाको निम्न तालिम संचालन हुन लागेकोले ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

| क्र.सं. | तालिमको नाम | संख्या | अवधि | स्थान |
|---|---|---|---|---|
| १. | वारिष्टा | ४० जना | १६० घण्टा | हेटौंडा-४, पारीजातपथ |

**आवश्याक कागजातहरू:**
१) नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि
२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३) पासपोर्ट साईजको फोटो २ प्रति

**फारम पाईने स्थान:**
हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र प्रा. लि.
हेटौंडा-४, पारिजातपथ (सिटिजन्स् बैकको माथिल्लो तल्ला)
सम्पर्क नं.०५७-५२४८५१/५२४८५२
फारम भर्ने अन्तिम मितिः २०८१/१२/१७

## भावपूर्ण श्रद्धाञ्जली



जन्म २००६/०१/०१

स्वर्गारोहण २०८१/१२/०१

**स्व. विर्ष बहादुर थापा**

हेटौँडा उपमहानगरपालिका ८ नम्बर वडाध्यक्ष आदरणीय रामकृष्ण थापाका पुजनीय बुबा **विर्ष बहादुर थापा**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १२औं दिनको पूण्यतिथि**मा स्वर्गीय बुबाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । यस दुखद् घडीमा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सुदीप राज गिरी**
**दिनेश बख्रेल**
**विष्णु ढ्हाहाल**
**विवेक कार्की**

**सरोज भण्डारी**
**विजय राय**
**किशोर खत्री**

**हेटौंडा-८, कमाने**

## भावपूर्ण श्रद्धाञ्जली



जन्म २००६/०१/०१

स्वर्गारोहण २०८१/१२/०१

**स्व. विर्ष बहादुर थापा**

हेटौँडा उपमहानगरपालिका ८ नम्बर वडाध्यक्ष आदरणीय रामकृष्ण थापाका पुजनीय बुबा **विर्ष बहादुर थापा**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १२औं दिनको पूण्यतिथि**मा स्वर्गीय बुबाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । यस दुखद् घडीमा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**वडा समितिको कार्यालय परिवार**

**हेटौँडा उपमहानगरपालिका ८ नम्बर वडा समितिको कार्यालय**

**हेटौँडा, मकवानपुर**

## प्रधानमन्त्री कप क्रिकेट

# कर्णालीविरुद्ध बागमतीको सहज जीत

समाज संवाददाता

हेटौंडा : जारी प्रधानमन्त्री कप एक दिवसीय क्रिकेट प्रतियोगितामा बागमती प्रदेशले कर्णाली प्रदेश विरुद्ध सहज जीत दर्ता गरेको छ । सोमबार दाङको लमही क्रिकेट मैदानमा भएको खेलमा बागमतीले सहजै ९ विकेटले खेल जितेको हो ।

टस जितेर पहिले व्याटिङ गरेको कर्णाली बागमतीका बलर रिजन ढकाल र सूर्य तामाङ सामू निरिह देखिएको थियो । कर्णाली प्रदेशको टिम १९ ओभर २ बलमा सबै विकेट गुमाएर ५८ रन मात्रै बनाउन सफल भयो । कर्णालीलाई सस्तैमा समेट्ने क्रममा बागमतीका रिजन ढकालले ८ ओभर १ बल खेल्दै १९ रन व्यहोर्नुका साथै ५ विकेट लिन सफल भए । यस्तै सूर्य तामाङले ७ ओभर बलिङ गर्दा १७ रन खर्चेर ४ विकेट लिए । ११ रन जोड्दा पहिलो विकेट गुमाएको कर्णालीले १३ रन जोड्दा दोस्रो विकेट गुमायो । ५० रन जोड्ने बेलासम्ममा कर्णालीले ७ विकेट गुमाइसकेको थियो ।

कर्णालीका लागि सुनिल धमलाले १५ रन जोड्ने बाहेक अन्य खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन् । कर्णाली प्रदेशविरुद्ध बागमतीले अहिले व्याटिङ गरिरहेको छ । ५९ रनको झिनो लक्ष्य पछ्याएको बागमतीले ६ ओभर ३ बल खेल्दै १ विकेटको क्षतिमा जीत हासिल गऱ्यो बागमतीका लागि ओपनर इशान पाण्डे ११ बलमा २२ रन बनाउँदै आउट हुँदा अर्का ओपनर आशुतोष घिरैलाले १९ र शुभ कंसाकार १६ रन बनाउँदै अविजित रहे । यो जीतसँगै बागमती प्रदेश तालिकाको चौथो नम्बरमा उक्लिएको छ । ८ खेलमध्ये ४ खेल जितेको बागमतीले ४ खेल गुमाएको छ । लिग चरणको अन्तिम खेलमा बागमतीले बुधबार मधेश प्रदेशको सामना गर्नेछ ।

# मकवानपुरमा १८१ करार शिक्षक विस्थापित

समाज संवाददाता

हेटौंडाः मकवापुर जिल्लामा कार्यरत १ सय ८१ जना करार शिक्षक विस्थापित हुने भएका छन् । शिक्षा विकास तथा समन्वय इकाईले आइतबार मकवानपुर जिल्लामा २ सय ७ जना प्राथमिक तहको स्थायी शिक्षकलाई नियुक्तिपत्र दिएसँगै जिल्लाका सामुदयिक विद्यालयमा कार्यरत १ सय ८१ जना करार शिक्षक विस्थपित हुने भएका हुन् ।

इकाईले स्थायी नियुक्ति पाएका शिक्षकलाई विभिन्न पालिकामा सिफारिस गरेको छ । पालिकाले ती शिक्षकलाई रित्त दरबन्दी भएको विद्यालयमा पठाएपछि करारमा कार्यरत शिक्षक स्वतः हट्नेछन् । कतिपय पालिकामा सिफारिस भएका भन्दा बढी रिक्त दरबन्दी भएकाले २६ जना करारमा कार्यरत शिक्षकहरु भने विस्थापित हुने छैनन् ।

**बकैया गाउँपालिकामा ३३ जना शिक्षक नियुक्ति भएका छन् । राक्सिराङ गाउँपालिकामा ३२ जना शिक्षक नियुक्ति भएसँगै २७ जना करार शिक्षक विस्थापित हुने भएका छन् ।**

मनहरी गाउँपालिकामा १० जना स्थायी शिक्षक नियुक्ति भएका छन् । पालिकामा कार्यरत ६ शिक्षक अवकास भएकाले ४ जनामात्र करार शिक्षक विस्थापित हुने स्रोतले जनाएको छ । हेटौंडा उपमहानगरपानिकामा ८ जना शिक्षक नियुक्ति भएसँगै ८ जना करार शिक्षक विस्थापित हुने भएका छन् ।

मकवानपुरगढी गाउँपालिकामा ७ जना शिक्षक नियुक्ति भए पनि ३ जना करार शिक्षक विस्थापित हुने भएका छन् । यस्तै, बागमती गाउँपालिकामा १० जना शिक्षक नियुक्ति भएका छन् । पालिकाका प्रमुख प्रशासकीय अधिकृत कामको सिलसिलामा बाहिर जानुभएकाले उहाँ आएपछि शिक्षकलाई विद्यालय छनोट गराइने स्रोतले बताएको छ । बागमतीमा कति शिक्षक विस्थापित हुन्छन् भन्ने यकिन तथ्याङ्क नआएको स्रोतले जानकारी दिएको छ । बकैया गाउँपालिकामा ३३ जना शिक्षक नियुक्ति भएका छन् । राक्सिराङ गाउँपालिकामा ३२ जना शिक्षक नियुक्ति भएसँगै २७ जना करार शिक्षक विस्थापित हुने भएका छन् । थाहा नगरपालिकामा ३९ जना शिक्षक नियुक्ति भएपछि ३८ जना करार शिक्षक विस्थापित हुनेछन् । इन्द्रसरोवर गाउँपालिकामा ११ जना शिक्षक नियुक्ति भएका छन् । त्यहाँ ११ जना नै करार शिक्षक विस्थापित हुने बताइएको छ । यस्तै, भीमफेदी गाउँपालिकामा २० जना शिक्षक नियुक्ति भएसँगै २० जना करार शिक्षक विस्थापित हुने भएका छन् ।

## हार्दिक आभार



दोस्रो संस्करणको **जिल्लास्तरीय व्याडमिन्टन प्रतियोगिता**को उपाधि विजेता खुलातर्फ रेवती कार्की र सुरेन्द्र श्रेष्ठको जोडी, भेट्रान्सतर्फ दीपक बुढाथोकी र रामप्रकाश प्रधानको जोडीलाई हार्दिक बधाई ज्ञापन गर्दै सहभागी सम्पूर्ण खेलाडीप्रति आभार व्यक्त गर्दछौं । साथै प्रतियोगिता आयोजनाका लागि सहयोग गर्ने हेटौंडा उपमहानगरपालिका, पुरस्कार प्रायोजन गर्नुहुने सम्पूर्ण महानुभाव, निर्णायक, सञ्चारकर्मी, शुभेच्छुक, सहयोगी सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं ।

सुरेन्द्र प्रधान
प्रतियोगिता संयोजक

विष्णु घिमिरे (ध्रुव)
अध्यक्ष

**एवम् मकवानपुर जिल्ला व्याडमिन्टन संघ परिवार**

हेटौंडा, मकवानपुर

## भावपूर्ण श्रद्धाञ्जली



जन्म
२००६/०१/०१

स्वर्गारोहण
२०८१/१२/०१

**स्व. विर्ष बहादुर थापा**

हेटौंडा उपमहानगरपालिका ८ नम्बर वडाध्यक्ष आदरणीय रामकृष्ण थापाका पुजनीय बुबा **विर्ष बहादुर थापा**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १२औं दिनको पूण्यतिथि**मा स्वर्गीय बुबाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । यस दुखद् घडीमा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

विष्णु अर्याल, संयोजक

**एवम् टोल विकास संस्था वडा समन्वय समिति परिवार**

हेटौंडा-८, कमाने




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ